# प्रस्तावना आहवान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०५/०४

एसओएस बालग्राम नेपालबाट सञ्चालित समुदायमा आधारित परिवार सवलीकरण कार्यक्रम (Community Based Family Strengthening Programme - CBFSP) अन्तर्गत सिरहा जिल्लाको लहान नगरपालिका र कर्जन्हा नगरपालिका तथा धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिकाका नौ वटा वडाहरुमा कार्यान्वयन हुने विभिन्न विद्यालय भवनका कोठा र भान्साघर निमार्ण तथा मर्मत, खानेपानी योजना (बोरिङ, पाइपलाइन, ट्याङ्की, धारा इत्यादी), सार्वजनिक शौचालय निमार्ण, बालमैत्री तथा लैङ्गीकमैत्री संरचना निमार्ण, साना सिँचाइ योजना (बोरिङ, कुलो, पाइपलाइन इत्यादि) निमार्ण, व्यक्तिगत जिर्ण घर मर्मत लगायतका कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागि विज्ञ प्राविधिकको आवश्यकता भएकोले भवन निर्माण तथा खानेपानीसम्बन्धी अनुभव प्राप्त तथा इच्छुक सिभिल इन्जीनयर (Civil Engineer with experience on WASH related works) हरु बाट मिति २०८३/०५/१० साँझ ५ बजेसम्म एसओएस बालग्राम नेपालको इमेल www.procurement@sosnepal.org.np मार्फत आफ्नो प्रस्ताव पेश गर्न अनुरोध गरिन्छ । यस जिम्मेवारी सम्बन्धी कार्य विवरण (**Terms of Reference**) तथा थप जानकारी एसओएस बालग्राम नेपालको वेबसाईट www.sosnepal.org.np/notice बाट प्राप्त गर्न सकिनेछ ।

माथि उल्लिखित निर्माण तथा मर्मतसम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्न कार्य अवधि अनुमानित ४ देखि ६ महिनाको हुनेछ । यस क्रममा एसओएस बालग्राम नेपालबाट छनोट गरिने सिभिल इन्जिनियरलाई आफ्नो जिम्मेवारी वहन गर्न माथि उल्लिखित नगरपालिकाका वडाहरूमा आवश्यक भ्रमणका लागि परियोजनाको कार्यालयले मोटरसाइकल तथा इन्धन उपलब्ध गराउनेछ । साथै, सम्झौतापत्रमा उल्लिखित अवधिभरका लागि दुर्घटना बीमा एसओएस बालग्राम नेपालले गर्नेछ ।

**प्रस्तावनामा पेश गर्नु पर्ने अनिवार्य कागजातहरुः**

१. प्रस्तावना पत्र

- प्रस्तावना पत्रमा आफूले जिम्मेवारी लिन सक्ने अवधि स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।
- एसओएस बालग्राम नेपालले दिएको जिम्मेवारी वहन गरेबापत प्रतिदिनको पारिश्रमिक (नेपाल सरकारले तोकेको करसहित) रकम स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

२. व्यक्तिगत विवरण (Curricum Vitae)

३. शैक्षिक प्रमाणपत्रको प्रतिलिपि

४. नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपी

५. स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्रको प्रतिलिपि

**थप जानकारीका लागि निम्न ठेगानामा सम्पर्क गर्नुहोला:**

एसओएस बालग्राम नेपाल राष्ट्रिय कार्यालय, सानोठिमी, भक्तपुर
सम्पर्क नम्बर : ०१-५९७०४२८
ईमेल: procurement@sosnepal.org.np
Website : www.sosnepal.org.np/notice

**वा**

परियोजनाको कार्यालय लहान नगरपालिका ६, राधा कृष्ण चोक, सिराहा